नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सुरक्षण मुद्रण केन्द्र
(आ.व. २०८२।०८३ बैशाखदेखि असार मसान्तसम्म)
सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) को
प्रयोजनको लागि जारी गरिएको जानकारी

## १. निकायको स्वरुप र प्रकृति

### केन्द्रको संक्षिप्त परिचय

नेपालको संविधान, २०७२ को अनुसूचि-५ मा संघको एकल अधिकार अन्तर्गत सुरक्षित छापाखानाको व्यवस्था गरिएको छ । सोह्रौ आवधिक योजनाको सञ्चार तथा सूचना प्रविधि अन्तर्गत योजना अवधिभित्र १ वटा सुरक्षण मुद्रण प्रेस स्थापना गर्ने परिमाणात्मक लक्ष्य लिईएको छ । साथै नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटले समेत सुरक्षण मुद्रणलाई प्राथमिकतामा राखेको छ । प्रारम्भमा सुरक्षण मुद्रण विकास समितको गठन आदेश, २०७३ अनुसार सुरक्षण मुद्रण केन्द्रको स्थापना भएको थियो भने हाल राष्ट्रिय सुरक्षा संवेदनशीलता, आत्मनिर्भरता र राज्यकोषको बचत गर्दै मुलुकभित्रै सुरक्षण मुद्रण सामाग्री (नागरिकताको प्रमाणपत्र, राहदानी, राष्ट्रिय परिचयपत्र, बैंक नोट, अन्तःशुल्क स्टिकर, सवारी चालक अनुमतिपत्र, हुलाक टिकट, जग्गाधनि दर्ता प्रमाणपुर्जा र भिसा स्टिकर) को सुरक्षित, भरपर्दो र गुणस्तरीय मुद्रण गर्ने उद्देश्यले मिति २०८१/०३/१८ गते सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०८१ जारी भई सिंहदरवार, काठमाडौंमा केन्द्रको प्रशासनिक कक्ष तथा काभ्रेपलाञ्चोक जिल्लाको पनौतीमा सुरक्षित छापाखाना स्थापना भई सञ्चालनमा आएको छ जसलाई सुरक्षण मुद्रण सम्बन्धी नियमावली, २०८२ ले थप कानूनी बल प्रदान गरेको छ ।

यस अघि यस्ता संवेदनशील कागजातहरू विदेशमा छपाई भईरहेको, नागरिकका गोप्य राख्नुपर्ने व्यक्तिगत सूचना चुहावट हुन सक्ने सम्भावनाका साथै ठूलो धनराशि समेत बाहिरिने अवस्थामा यस केन्द्रको स्थापनाले सुरक्षण मुद्रणको क्षेत्रलाई आत्मनिर्भर बनाउने परिकल्पना गरिएको छ । नेपाल सरकार अन्तर्गतका विभिन्न निकायहरुबाट भइरहेका सुरक्षण मुद्रण सामाग्रीहरुको छपाई कार्यलाई एकीकृत गर्ने, उस्तै प्रकृतिका काममा भईरहेका दोहोरो खर्चलाई न्यूनीकरण गर्ने तथा आम नागरिकलाई छिटो, छरितो, मितव्ययी र सरल तरिकाले सेवा प्रवाहको लागि राष्ट्रिय आधार तय गर्न देशको एकमात्र सुरक्षित छापाखानालाई दिगो, सुरक्षित र भरपर्दो बनाउनु जरुरी देखिन्छ।

**दुरदृष्टि :**

सुरक्षण मुद्रणमा नेपाललाई आत्मनिर्भर बनाई अन्तर्राष्ट्रिय बजारमा आकर्षक बिन्दुको रुपमा सुरक्षण मुद्रण केन्द्रलाई विकास गर्ने ।

**लक्ष्यः**

सुरक्षण मुद्रणलाई राष्ट्रिय आय, उत्पादनशील रोजगारी तथा बढी मात्रामा वैदेशिक मुद्रा आर्जन गर्ने स्रोतका रुपमा विकास गर्ने ।

**उद्देश्यः**

सुरक्षण मुद्रणका लागि विदेशी कम्पनीमा भएको खर्चलाई बचत गर्ने र सुरक्षण मुद्रण सम्बन्धी विश्वसनीय सेवा र गुणस्तरीय वस्तु अन्तर्राष्ट्रिय बजारमा उपलब्ध गराउने ।

## २. सुरक्षण मुद्रण केन्द्रका मुख्य मुख्य कामहरु

सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०८१ बमोजिम यस केन्द्रका कामहरु देहायबमोजिम रहेका छन्:-

- सुरक्षण मुद्रण सामग्रीको प्रबन्ध तथा तयारी गर्ने र सुरक्षण मुद्रण सामग्री छपाई गर्ने,
- केन्द्रको छापाखाना, उत्पादनस्थल वा तयार भएका सुरक्षण मुद्रण सामग्रीको विश्वसनीय र भरपर्दो आपूर्ति श्रृंखला तयार गर्ने,
- सुरक्षण मुद्रण सम्बन्धी सेवा प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बोलपत्रमा भाग लिने,
- सुरक्षण मुद्रणको काममा बाधा नपर्ने गरी अन्य छपाई सम्बन्धी काम गर्ने,



Dhungna
कार्यकारी निर्देशक

- सुरक्षण मुद्रण सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने,
- नेपाल सरकारको स्वीकृति लिई सुरक्षण मुद्रण सम्बन्धी अन्तर्राष्ट्रिय व्यावसायिक संगठनको सदस्यता लिने,
- सुरक्षण मुद्रणको कार्यलाई भरपर्दो र विश्वसनीय बनाउने सम्बन्धमा नीति निर्माण गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने।

## ३. केन्द्रको दरबन्दीको पद संख्या र पदहरुको कार्य विवरण

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको (मा.मन्त्रीस्तर) मिति २०८२/०५/०४ गतेको निर्णयानुसार यस केन्द्रको लागि स्वीकृत भएको अस्थायी दरबन्दी तेरिज यस प्रकार रहेको छः-

| क्र.स. | पद | श्रेणी/तह | सेवा/समूह | अस्थायी दरबन्दी संख्या |
|---|---|---|---|---|
| १. | कार्यकारी निर्देशक | | प्रशासन | १ |
| २. | प्रमुख प्रशासकीय अधिकृत | अधिकृत नवौं | प्रशासन | १ |
| ३. | वरिष्ठ मुद्रण अधिकृत | अधिकृत नवौं | प्राविधिक | १ |
| ४. | सूचना प्रविधि निर्देशक | अधिकृत नवौं | प्राविधिक | १ |
| ५. | वरिष्ठ गुणस्तर अधिकृत | अधिकृत नवौं | प्राविधिक | १ |
| ६. | प्रशासकीय अधिकृत (खरिद) | अधिकृत सातौं/आठौं | प्रशासन | १ |
| ७. | लेखा अधिकृत | अधिकृत सातौं/आठौं | प्रशासन | १ |
| ८. | शाखा अधिकृत | अधिकृत सातौं/आठौं | प्रशासन | २ |
| ९. | उप-प्रबन्धक (आपूर्ति) | अधिकृत सातौं/आठौं | प्रशासन | १ |
| १०. | डिभिजनल ईन्जिनियर | अधिकृत सातौं/आठौं | प्राविधिक | १ |
| ११. | कम्प्युटर ईन्जिनियर | अधिकृत सातौं/आठौं | प्राविधिक | २ |
| १२. | गुणस्तर अधिकृत | अधिकृत सातौं/आठौं | प्रशासन | २ |
| १३. | सुरक्षा अधिकारी | अधिकृत सातौं/आठौं | प्रशासन | १ |
| १४. | सुरक्षण डिजाइन विशेषज्ञ | अधिकृत सातौं/आठौं | प्राविधिक | १ |
| १५. | उत्पादन सञ्चालक प्रबन्धक | अधिकृत सातौं/आठौं | प्राविधिक | १ |
| १६. | पोस्ट प्रोडक्सन | अधिकृत सातौं/आठौं | प्राविधिक | १ |
| १७. | व्यवसाय प्रणाली निर्देशक | अधिकृत सातौं/आठौं | प्रशासन | १ |
| १८. | व्यवसाय विकास प्रबन्धक | अधिकृत सातौं/आठौं | प्रशासन | १ |
| १९. | कला अधिकृत | अधिकृत छैठौं | प्राविधिक | १ |
| २०. | मेकानिकल ईन्जिनियर | अधिकृत छैठौं | प्राविधिक | २ |
| २१. | इलेक्ट्रिकल ईन्जिनियर | अधिकृत छैठौं | प्राविधिक | २ |
| २२. | सिभिल ईन्जिनियर | अधिकृत छैठौं | प्राविधिक | १ |
| २३. | लेखा अधिकृत | अधिकृत छैठौं | प्रशासन | २ |
| २४. | कानून अधिकृत | अधिकृत छैठौं | प्रशासन | १ |
| २५. | पुस्तकालय अधिकृत | अधिकृत छैठौं | प्रशासन | १ |
| २६. | व्यक्तिगतकरण विशेषज्ञ | अधिकृत छैठौं | प्राविधिक | १ |
| २७. | प्रमुख ग्राफिक डिजाइनर | अधिकृत छैठौं | प्राविधिक | १ |



कार्यकारी निर्देशक

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सुरक्षण मुद्रण केन्द्र
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| २८. | कागजात तथा अनुपालन | अधिकृत छैठौं | प्रशासन | १ |
| २९. | उत्पादन सिफ्ट सुपरभाइजर | अधिकृत छैठौं | प्राविधिक | २ |
| ३०. | व्यवसाय विकास अधिकृत | अधिकृत छैठौं | प्रशासन | १ |
| ३१. | प्रशासकीय अधिकृत (खरिद) | अधिकृत छैठौं | प्रशासन | १ |
| ३२. | डिजिटल सुरक्षा विशेषज्ञ | अधिकृत छैठौं | प्राविधिक | १ |
| ३३. | वरिष्ठ मुद्रण सहायक(प्रि- | सहायक पाँचौं | प्राविधिक | २ |
| ३४. | नायब सुब्बा | सहायक पाँचौं | प्रशासन | २ |
| ३५. | टेक्निसियन(मर्मत) | सहायक पाँचौं | प्राविधिक | ३ |
| ३६. | कम्प्युटर टेक्निसियन | सहायक पाँचौं | प्राविधिक | २ |
| ३७. | वरिष्ठ मुद्रण सहायक | सहायक पाँचौं | प्राविधिक | २ |
| ३८. | गुणस्तर सहायक | सहायक पाँचौं | प्राविधिक | १ |
| ३९. | मुद्रण सहायक(पोष्ट प्रेस) | सहायक चौथों | प्राविधिक | २ |
| ४०. | हलुका सवारी चालक | श्रेणीविहिन | - | ५ |
| ४१. | कार्यालय सहयोगी | श्रेणीविहिन | - | ५ |
| जम्मा | | | | ६३ जना |

**४. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी (अधिकृतस्तर- १७ जना र सहायकस्तर- ६ जना कार्यरत)**

| सि.नं. | शाखा | सम्बन्धित कर्मचारी | कार्यालय प्रमुख |
|---|---|---|---|
| १. | आन्तरिक प्रशासन शाखा | उपसचिव श्री गोपाल राज तिमिल्सिना<br>शाखा अधिकृत श्री लोक बहादुर वि.क.<br>कम्प्युटर ईन्जिनियर श्री बिशाल कटुवाल<br>नायब सुब्बा श्री आशिष कुमार भण्डारी<br>नायब सुब्बा श्री हरि नारायण बस्याल<br>नायब सुब्बा श्री निर्मला पोखेल<br>कम्प्युटर अपरेटर श्री सुजन मगिया | कार्यकारी निर्देशक श्री देवराज ढुङ्गाना |
| २. | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत श्री इजुषा राई<br>लेखापाल श्री विष्णु बहादुर खड्का<br>लेखापाल श्री नुपुर निरौला | |

DDhungana

कार्यकारी निर्देशक

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सुरक्षण मुद्रण केन्द्र
सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| ३. | छापाखानातर्फ | सुरक्षा डिजाइन तथा VDP प्रबन्धक श्री निरज कुमार दाहाल<br>उत्पादन प्रबन्धक श्री एमिल प्रधान<br>सञ्चालक प्रबन्धक श्री बालकृष्ण दहाल<br>डिभिजनल इन्जिनियर श्री हरि प्रसाद न्यौपाने<br>पोस्ट प्रोडक्सन प्रवन्धक श्री पिताम्बर चौलागाई<br>कम्प्युटर इन्जिनियर श्री सुयोग रमण खनाल<br>गुणस्तर अधिकृत श्री लोचन निरौला<br>मेकानिकल ईन्जिनियर श्री सुमित दाहाल<br>मेकानिकल ईन्जिनियर श्री सदीप आचार्य<br>इलेक्ट्रिकल इन्जिनियर श्री किशोर राज जोशी<br>कागजात तथा अनुपालक अधिकृत श्री नवीन खत्री<br>गुणस्तर अधिकृत श्री सफल सुवेदी | |

**५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समय**

सुरक्षण मुद्रण केन्द्रले सञ्चालक समितिले तोकेको शुल्क बमोजिम मूल्य निर्धारण गर्ने र सेवा प्राप्त अवधि प्रचलित कानून बमोजिम नै हुने।

**६. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

- **निर्णय प्रक्रिया सम्बन्धमा**
    - **केन्द्रले उपलब्ध गराउने सेवा सम्बन्धमा**
        - सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम
    - **सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा**
        - सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम
- **निर्णय गर्ने अधिकारी सम्बन्धमा**
    - सञ्चालक समिति स्तरबाट
    - कार्यकारी निर्देशक स्तरबाट

**७. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

यस सुरक्षण मुद्रण केन्द्रबाट प्रवाह गरिने सेवाहरु सम्बन्धमा कुनै प्रकारको उजुरी तथा गुनासो रहेमा कार्यकारी निर्देशकबाट सम्बोधन गरिनेछ।

**८. सम्पादन गरेका कामको विवरणः**

- मिति २०८२ असोज ९ गते मन्त्रिपरिषद् बैठकको निर्णयबाट सुरक्षण मुद्रण सम्बन्धि नियमावली, २०८२ (मिति २०८२ कार्तिक १० गते राजपत्रमा प्रकाशित) जारी गरिएको,



कार्यकारी निर्देशक

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सुरक्षण मुद्रण केन्द्र
सिंहदरबार, काठमाडौं

- सुरक्षण मुद्रण केन्द्रले १२ लाख थान सवारी चालक अनुमतिपत्र छपाई गर्नका लागि यातायात व्यवस्था विभागसँग मिति २०८२ कार्तिक १२ गते सम्झौता भएको, साथै दोस्रो चरणमा १७ लाख थान सवारी चालक अनुमतिपत्र छपाई गर्ने गरी विभागसँग मिति २०८३ बैशाख ४ गते सम्झौता भएको,
- केन्द्रको बहुउद्देशीय भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको,
- केन्द्र परिसरमा भित्रि सडक, नाला, मेशिनरी वाल लगाउने काम सम्पन्न भई भुक्तानी भएको,
- वेव अफसेट मेसिन खरिद भैसकेको तर सो मेसिनको Installation, Testing and Commissioning बाँकी रहेको,
- हालसम्म २७,४७,२५३ थान सवारी चालक अनुमतिपत्र छपाई गरी विभागलाई हस्तान्तरण गरिएको,
- ३४ लाख ७४ हजार थान हुलाक टिकट छपाई गरी हुलाक सेवा विभागलाई हस्तान्तरण गरिएको ।

## ९. प्रमुख र सूचना अधिकारीको नाम र पद

यस केन्द्रका कार्यकारी निर्देशक श्री देवराज ढुङ्गाना तथा प्रशासन शाखा प्रमुख उपसचिव श्री गोपालराज तिमिल्सिना सूचना अधिकारीको रुपमा रहनु भएको छ।

## १०. नियम, विनियम वा निर्देशिकाको सूचि

यस केन्द्रसँग सम्बन्धित कानूनहरु नेपाल राजपत्रमा प्रकाशित भईसकेका छन् । यस केन्द्रसँग प्रत्यक्ष रुपमा सम्बन्धित ऐन, नियम तथा कार्यविधिको विवरण यस प्रकार रहेको छः-

**ऐन**

- सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०८१

**नियमावली**

- सुरक्षण मुद्रण सम्बन्धी नियमावली, २०८२

**कार्यविधि**

- सुरक्षण मुद्रण केन्द्रको करारमा कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०८२

## ११.सूचना प्रकाशन सम्बन्धी विवरणः

यस केन्द्रबाट प्रदान गर्नुपर्ने सूचनाहरु केन्द्रको Website वा आवश्यकतानुसार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्ने व्यवस्था गरिएको छ ।

## १२.सम्पर्क ठेगाना

यस केन्द्रसँग सम्बन्धित विषयमा थप जानकारी चाहिएमा केन्द्रको वेवसाइट www.spc.gov.np हेर्न वा कुनै समस्या, सुझाव भएमा देहायको ठेगानामा सम्पर्क राख्न सकिनेछः-


सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सुरक्षण मुद्रण केन्द्र
सिंहदरवार, काठमाडौं
पोष्टबक्स नम्बरः-
फोन नम्बरः- ९७७-१-४२००६४५/४२००६४४
इमेलः-info@spc.gov.np / spc.nepalgov@gmail.com
वेवसाइट www.spc.gov.np


कार्यकारी निर्देशक